# Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

The Bank For All

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

मिति : २०७९/०७/२९

च.नं.२४/०७९/८०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**विषयः बार्षिक साधारण सभाको जानकारी सम्बन्धमा ।**

महाशय,

यस ग्लोबल आइएमई बैंक लिमिटेडको संचालक समितिको २०७९ साल कार्तिक २४ गते वसेको ४११ औं बैठकको निर्णयानुसार यस बैंकको १६ औं वार्षिक साधारण सभा मिति २०७९ साल मंसिर २३ गते शुक्रवार (तदनुसार ०९, डिसेम्बर २०२२) बिहान १० बजे सिल्भर ओक बैंकेट एण्ड इभेन्ट्स सेन्टर गैह्रीधारा, काठमाण्डौमा बस्ने भएको हुँदा शेयरधनीहरुको जानकारीको लागि मिति २०७९/०७/२९ गतेको नागरिक राष्ट्रिय दैनिकमा सार्वजानीक सूचना प्रकाशन गरिएको र सो प्रकाशन गरिएको सुचनाको मस्यौदा एक प्रति यसै साथ संलग्न राखि पेश गरेको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

भवदिय,

............................

(विष्णु प्रसाद बाँस्कोटा)

कम्पनी सचिव

## ग्लोबल आइएमई बैंक लिमिटेडको
## सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस ग्लोबल आइएमई बैंक लिमिटेडको संचालक समितिको मिति २०७९ साल कार्तिक २४ गते वसेको ४११ औं वैठकको निर्णयानुसार यस बैंकको सोह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा वस्ने :**

**मिति : २०७९ साल मंसिर २३ गते शुक्रवार (तद्नुसार ९, डिसेम्बर २०२२)**
**स्थान : सिल्भर ओक बैंकेट एण्ड इभेन्ट्स सेन्टर, गैह्रीधारा, काठमाण्डौ ।**
**समय : दिनको १०.०० बजे ।**

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु:**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने ।
३) यस बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापीटल लि.र ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated ) वित्तिय विवरण स्वीकृत गर्ने ।
४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पुंजीको १०.६ प्रतिशत नगद लाभांस स्वीकृत गर्ने ।
५) कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व.२०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१) बैंकको अधिकृत पुँजी रु.२५ अर्बलाई बृद्धि गरी रु.५० अर्ब कायम गर्ने सम्बन्धमा ।

२) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७८/०७९ को मुनाफा समेतबाट चुक्ता पुँजीको ३ प्रतिशत बोनश शेयर स्वीकृत गर्ने र सोही हद सम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

३) बैंकको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संसोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

४) ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

५) ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि मुल्याङ्कन कर्ताबाट प्राप्त चल/अचल सम्पत्ति दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit DDA) आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात १:१ (Share Swap Ratio, 1:1) स्वीकृत गर्ने ।

६) ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धी सम्झौतापत्र स्वीकृत गर्ने तथा मर्जर सम्बन्धी अन्य प्रकृया पुरा भएको हुँदा बैंक अफ काठमाण्डू लिमिटेड यस बैंकमा गाभ्न/गाभिन अन्तिम स्वीकृति प्रदान गर्ने ।

७) बैंक अफ काठमाण्डू लिमिटेड यस बैंकमा गाभिए पछि मर्ज सम्बन्धी सम्झौता पत्र अनुसार बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि हुने हुँदा सो बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न, हेरफेर गर्न र उपयुक्त ब्यबस्था गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

८) ग्लोबल आइएमई बैंक लिमिटेडमा बैंक अफ काठमाण्डू लिमिटेड गाभिए पछि नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नु पर्ने अन्य सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्वन्धी थप संक्षिप्त जानकारी:**

१. ग्लोबल आईएमइ बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडबीच मर्जर प्रयोजनका लागि मिति २०७९/३/२ गतेबाट शेयर कारोवार बन्द रहेकोले साधारण सभा तथा बोनस शेयर प्रयोजनका लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०७९ मंसिर ७ गते एकदिन बन्द रहने छ । मिति २०७९/८/६ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई मिति २०७९/८/१४ गतेसम्म यस बैंकको शेयर रजिष्ट्रार ग्लोबल आईएमइ क्यापिटल लिमिटेड, नक्शाल काठमाण्डौमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र आ.व.२०७८/०७९ को नगद लाभाँश तथा बोनश शेयर पाउने छन् ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीमहानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ८.३० वजे देखि खुल्ला रहनेछ ।

३. शेयरधनी महानुभावहरुको जानकारीको लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंगै प्रकाशित गरिएको छ । कम्पनी ऐन, २०६३ बमोजिमको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी काठमाण्डौवाट उपलव्ध गराउन सकिने व्यहोरा जानकारी गराइन्छ । उल्लिखित विवरण बैंकको वेभसाइट ठेगाना www.globalimebank.com मार्फत हेर्न सक्नुहुने छ ।

४. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सूचना साथ संलग्न प्रवेश पत्रको साथै शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (नागरिकता वा अन्य कुनै सरकारी परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्वन्धि निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७९ साल मंसिर २१ गते बिहान १०.०० वजे भित्र बैंकको रजिष्टर्ड कार्यालय कमलादी, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वत :वदर हुनेछ ।

७. एउटै शेयरधनीले एक भन्दा वढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी बैंकको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो वाहेकको प्रोक्सी मान्य हुने छैन ।

८. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ ।

९. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुने छ ।

१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्ने छ ।

११. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले कुनै बिषय उपर छलफल गर्न चाहनुभएमा सो विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि कम्पनीको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । जसबाट त्यस्तो बिषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुने छ ।

१२. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

१३. अन्य जानकारीका लागि बैंकको रजिष्टर्ड कार्यालय कमलादी काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध छ ।